**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । २०७७ वैशाख १५ गते**
तेस्रो चरणको लकडाउन घोषणा भए पछि वैशाख १५ गते प्रदेशका जिल्लाहरूमा दुई पाङ्ग्रे सवारी साधनहरू अन्य दिनको तुलनामा बढी सञ्चालनमा आएका छन् । बजारमा सञ्चालनमा आएका दुई पाङ्ग्रे सवारी साधन रोकथाममा प्रहरी प्रशासनले समेत खासै चासो दिएको पाइएन ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार घोराहीमा खाद्य वस्तु खरिद गर्नका लागि दिउसोको समय तोकिएको छ । घोराही उपमनपा  र दाङ उद्योग वाणिज्य संघको आग्रहमा जिल्ला प्रशासन कार्यालयले हरेक दिन बिहान ११ बजेदेखि दिउसो ३ वजेसम्मका लागि अत्यावश्यक बस्तु खरिदका लागि समय तोकेको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले जानकारी दिनु भयो ।
बिहानको समयमा तरकारी खरीदको नाममा आफुखुसी हिड्नेको सङ्ख्या बढे पछि दिउसोको समय तोकिएको हो ।
दाङ चेम्बर अफ कमर्शले घोराहीमा तरकारीको अनलाइन सेवा सुरू गरेको छ । घोराही उपमनपा- १५ को संयोजनमा चेम्बरले दुई वटा संस्था छनौट गरि अनलाइनबाट किसानकै मूल्यमा घरमै तकारी उपलब्ध गराउन थालेको छ । किसानबाट खरिद गरेकै मूल्यमा उपभोक्तालाई ताजा तरकारी उपलव्ध गराइएको चेम्बरका अध्यक्ष श्रीधर महराले बताउनुभयो । लकडाउने किसानको उत्पादन खेर गइरहेको र उपभोक्ताले तरकारी खान नपाउने अवस्था आएपछि अनलाइनबाटै तरकारी माग गर्ने व्यवस्था गरिएको र संस्थाले घरमै ताजा तरकारी उपलब्ध गराउने व्यवस्था गरिएको हो ।
यसैगरी तुलसीपुर उपमनपाले हरेक दिन बिहान ६ देखि ९ बजेसम्म र लमही नपा, गढवा र राप्ती गाउँपालिकाले भने हप्तामा तीन दिन  आइतवार, मङ्गलवार र शुक्रवार अत्यावश्यकीय पसल खोल्दै आएका छन ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्वती आचार्य**का अनुसार बुद्धभूमि नपाको विपद व्यवस्थापन राहत कोषमा सनसाईन सामाजिक बिकास संस्थाले १ लाख रुपियाँ सहयोग गरेको छ  ।
भारतसँग सिमा जोडिएको कपिलवस्तुको यशोधरा गाउँपालिका- ७ को सेमरी गाउँको सिमामा सुरक्षामा खटिएका मर्यादपुर चौकीमा कार्यरत प्रहरी हबल्दार बशिष्ठ यादव र प्रहरी जवान ईश्वर ज्ञवालीलाई भारतीय सीमावर्ती शोहरतगढ थाना खुनुवा चौकीको परसौना गाउँका केही स्थानीयहरूले नियन्त्रणमा लिई कुटपिट गरेको जिल्ला प्रहरी कार्यालयका  एसपी दिप शम्सेर जबराले बताउनु भयो । प्रहरी चौकी मर्यादपुरमा भारतका स्थानीयले सेमरीस्थित नो मेन्स ल्यान्डबाट नियन्त्रणमा लिई कुटपिट गरेको खुल्न आएको छ ।

**इन्सेक रुकुमपूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार जिल्लामा हाल विभिन्न जिल्लामा मजदुरी गर्न गएका र विद्यार्थी गरी ७ सय ७२ जनालाई उद्धार गरेर जिल्लामा ल्याएर जिल्लाका तीन वटै स्थानीय तहको क्वारेण्टाइनमा राखिएको छ ।
भूमे गाउँपालिकाले दीर्घ रोगी र ज्येष्ठ नागरिकका लागि स्वास्थ्य अवस्था बुझ्न लगत सङ्कलन कार्यसँगै स्वास्थ्य चेकजाँच गरिरहेको स्वास्थ्य शाखाका सह संयोजक सन्जीब खड्काले बताउनु भयो । एक हप्ताको अवधिमा ५६ जना ज्येष्ठ नागरिक,  ४१ जना दीर्घ रोगी गरी ९७ जनाको घरमै पुगेर स्वास्थ्य अवस्था चेकजाँच गरेको र  उनीहरुको अवस्था सामान्य रहेको खड्काले बताउनु भयो  ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा भइरहेका प्रयासकाबारे प्रदेश ५ का सभामुख पूर्णबहादुर घर्ती मगरले **रुकुम पूर्वका स्थानीय तह र प्रशासनसँग गर्नु भएको भिडियो सम्वादमा हाल भित्रिएका मजदुर लाई आगामी दिनमा गाउँघरमै रोक्ने योजना बनाउन निर्देशन गर्नु भएको छ ।**

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार गुल्मीमा पहिलो चरणको राहत वितरण सम्पन्न भएको छ । जिल्लाका दुई नगर र १० गाउँपालिकाले राहत वितरण सम्पन्न गरेका हुन् ।
रेसुङ्गा नगरपालिकाले १ हजार ४ सय ९१ लाई घर परिवारलाई पहिलो चरणमा राहत वितरण गरेर दोस्रो चरणमा ३ हजार घर परिवारलाई राहत वितरण गर्ने योजना बनाएको प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले बताउनु भयो ।
मुसिकोट नगरपालिकाले २ हजार २ सय ९७ घर परिवारलाई पहिलो चरणको राहत वितरण गरेको मुसिकोट नगरपालिकाका मेयर सोमनाथ सापकोटाले जानकारी दिनु भयो । धुर्कोट गाउँपालिकाले ७ सय ७९ जनालाई वितरण गरेको छ । मालिका गाउँपालिकाले ७ सय ७५ घर परिवारलाई पहिलो चरणमा राहत वितरणसम्पन्न गरेको छ । यसैगरी पहिलो चरणमा राहत वितरण गरेका स्थानीय तहले दोस्रो चरणको राहत वितरणको तयारी गरेका छन् ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार विश्वमा फैलिएको कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि तिलोत्तमा नगरपालिकाले गरेको पूर्वतयारीका विषयमा सांसदहरू सहितको टोलीले वैशाख १५ गते अनुगमन गरेको छ ।
जिल्ला समन्वय समिति, रुपन्देहीको संयोजनमा राष्ट्रियसभा, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरु सहितको टोलीले अनुगमन गरेको हो ।
अनुगमनमा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख एकराज विश्वकर्मा तथा राष्ट्रियसभा सदस्य गोपाल भट्टराई, प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्मा, प्रदेश ५ सरकारका मन्त्री लिला गिरी, प्रदेशसभा सदस्यहरू दधिराम न्यौपाने, तुलसी चौधरी, कृष्ण न्यौपाने, भोजप्रसाद श्रेष्ठ, रमा अर्याल लगायत सहभागी हुनुहुन्थ्यो ।
सदस्यहरुले कोरोना सङ्क्रमण, नियन्त्रण र रोकथामका लागि नगरपालिकाले गरेका काम, क्वारेण्टाइन व्यवस्थापन, लकडाउन प्रभावितलाई बाँडिएको राहत, स्वास्थ्य चौकीको व्यवस्थापन, सचेतना अभिवृद्धि लगायतका विषयमा जानकारी लिनु भएको थियो ।
यसै गरी शंकरनगरस्थित तिलोत्तमा क्वारेण्टाइन तथा शंकरनगर स्वास्थ्य चौकीको स्थलगत अनुगमन समेत गरिएको थियो । नगर प्रमुख बासुदेव घिमिरेले स्वास्थ्य संस्थामा फिभर सेन्टर सञ्चालन, क्वारेण्टाइन व्यवस्थापन, राहत सङ्कलन तथा वितरण, आइसोलेशन निर्माण, खाद्य बैंक स्थापना, जग्गा बाँझो नराख्ने नीतिगत निर्णय, कृषि उपजको बजारीकरण, गहुँको न्यूनतम समर्थन मूल्य निर्धारण, अनलाइन कक्षा सञ्चालन, लकडाउन कार्यान्वयनका लागि नियमित अनुगमनको विषयमा सांसदहरूलाई जानकारी दिनु भएको थियो ।
सांसद छबिलाल विश्वकर्माले कोरोना सङ्क्रमण रोकथाममा तिलोत्तमा नपाले गरेका क्रियाकलापहरू प्रशंसनीय रहेको बताउँदै सीमावर्ती क्षेत्र भएकाले अझै सावधानी अपनाउनु पर्ने बताउनु भयो ।
प्रदेश सरकारका मन्त्री लिला गिरीले राहतलाई वास्तविक लक्षित परिवारसम्म परयाउनुपर्नेमा जोड दिँदै दैनिक गुजारा आफैं चलाउन सक्नेले राहत लिन नहुने भनेर सचेतना गराउनु पर्ने बताउनु भयो ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार  पाल्पाका १० वटै स्थानीय तहहरूले देशका विभिन्न स्थानबाट गाउँ फर्केकाहरूलाई क्वारेण्टाइनमा राख्न थालिएको छ ।  यसअघि चैत ११ गतेसम्म भारत सहित बिभिन्न तेस्रो मुलुकबाट घर फर्केकाहरु १४ दिन क्वारेण्टाइनमै बिताएर घर फर्केका छन् ।
हाल काठमाण्डौ, पोखरा, बुटवल सहित विभिन्न स्थानबाट घर फर्केकाहरूलाई क्वारेण्टाइनमा राखिएको प्रमुख जिल्ला अधिकारी यादव सुवेदीले बताउनु भयो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**